# वैदेशिक सहायताको स्रोत फुकुवा सम्बन्धी आन्तरिक कार्यविधि, २०८१/८२

(आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २८ को उपनियम ११ बमोजिम स्वीकृत)

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

स्वीकृत मितिः २०८१।०४।३१

१) नगद अनुदान तथा नगद ऋण तर्फको फुकुवा प्रकृयाः वैदेशिक स्रोत अन्तर्गत नगद अनुदान तथा ऋण समावेश भएका कार्यक्रमको प्रथम, दोस्रो, तेस्रो र चौथो त्रैमासिक अवधिको लागि विनियोजित बजेट भुक्तानी/निकासा गर्न महालेखा नियन्त्रक कार्यालयको फुकुवा आदेश आवश्यक हुनेछ। यस कार्यालयको सम्बन्धित बैंक खातामा रकम जम्मा भएपछि मात्र नगद ऋण तथा नगद अनुदान स्रोतको बजेट फुकुवा गरिनेछ। साथै सम्बन्धित आयोजना/कार्यक्रमको नाममा यस कार्यालयको खातामा रकम मौज्दात रहेको अवस्थामा उक्त रकमले खामेसम्म यस्तो स्रोतको बजेट फुकुवा हुनेछ। यस्तो स्रोतको बजेट फुकुवाका लागि सम्बन्धित आयोजनाबाट आफ्नो नाममा रहेको मौज्दात रकमको विवरण सहित यस कार्यालयमा अनुरोध गर्नु पर्नेछ।

२) शोधभर्ना हुने अनुदान तथा ऋण तर्फको फुकुवा प्रक्रिया

२.१) प्रथम र दोस्रो त्रैमासिक फुकुवा प्रक्रियाः वैदेशिक स्रोत अन्तर्गत शोधभर्ना हुने अनुदान तथा ऋण समावेश भएका कार्यक्रमको प्रथम र दोश्रो त्रैमासिक अवधिको लागि विनियोजित बजेट भुक्तानी/निकासा गर्न यस कार्यालयको फुकुवा आदेश आवश्यक पर्नेछैन। यसको लागि चालु आर्थिक वर्षको दोस्रो त्रैमासिक अवधिसम्म अनुदान वा ऋण सम्झौताको अवधि बाँकी रहेको हुनु पर्नेछ। नयाँ आयोजनाको सम्बन्धमा आयोजना सञ्चालनको लागि नेपाल सरकार र विकास साझेदार बीच अनुदान वा ऋण सम्झौतामा हस्ताक्षर भई त्यस्तो सम्झौता प्रभावकारी (Effective) भई सकेको हुनु पर्नेछ, तर पूर्व प्रभावी वित्तीय सम्झौता (**Retroactive Financing**) को हकमा अर्थ मन्त्रालयको सहमति आवश्यक पर्नेछ।

२.२) तेस्रो र चौथो त्रैमासिक फुकुवा प्रक्रियाः

क) तेस्रो त्रैमासिक फुकुवाको लागि चालु आर्थिक वर्ष २०८१/८२ को प्रथम त्रैमासिक अवधिसम्म शोधभर्ना हुने अनुदान/ऋणमा भएको खर्च तथा चौथो त्रैमासिक फुकुवाको लागि चालु आर्थिक वर्षको दोस्रो त्रैमासिक अवधिसम्म खर्च भएको रकम शोधभर्ना प्राप्त भैसकेको हुनु पर्नेछ।

ख) आयोजनाले दातृनिकाय समक्ष शोधभर्ना माग गरिसकेको तर प्रक्रियागत कारणले खर्च रकम शोधभर्ना हुन नसकेको अवस्थामा शोधभर्ना माग गरेको प्रमाण र चालु त्रैमासिक अवधि भित्र दातृ निकायबाट शोधभर्ना प्राप्त गरी/लिई सक्ने आयोजना प्रमुखस्तरबाट गरिएको प्रतिवद्धता पत्र समेत संलग्न गर्नु पर्नेछ।



महालेखा नियन्त्रक

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय

ग) आयोजनाबाट त्रैमासिक स्रोत फुकुवाको लागि अनुरोध गर्दा यस कार्यविधिको अनुसूची १ र २ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसूची ३ र ९ अनुसारको फाराम आयोजना प्रमुखबाट प्रमाणित गरी पत्र साथ संलग्न गर्नु पर्नेछ। साथै वैदेशिक स्रोत फुकुवाका लागि यस कार्यालयमा अनुरोध गर्न सम्बन्धित लेखा उत्तरदायी अधिकारीबाट निर्णय समेत भएको हुनु पर्नेछ।

घ) तेस्रो त्रैमासिक फुकुवाको लागि आर्थिक वर्ष २०८०/८१ को आयोजनाको वित्तीय विवरण (लेखापरीक्षण नभएको) प्रमाणित हुनु पर्नेछ भने चौथो त्रैमासिकको लागि लेखापरीक्षण भएको वित्तीय विवरण यस कार्यालयबाट सिफारिस भईसकेको हुनु पर्नेछ तर विकास साझेदारसँग भएको सहायता सम्झौतामा लेखापरीक्षण भएको वित्तीय विवरण पेश गर्ने समायावधी सम्बन्धमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही अनुसार हुनेछ।

ङ) नतिजा सूचक **(Disbursement Linked Indicator-DLI)** को आधारमा शोधभर्ना प्राप्त गर्ने आयोजना/कार्यक्रमहरुको हकमा खण्ड (क) बमोजिम शोधभर्ना प्राप्त हुन नसकेमा त्यस्ता आयोजना/कार्यक्रमको DLI सूचकहरुको विवरण, सूचक हासिल गर्ने समयावधी, हासिल भएको सूचक र त्यसको **verification** को अवस्था तथा शोधभर्ना माग गर्ने समयावधी समेतको कार्ययोजना, सम्झौता अनुसारको रकम शोधभर्ना प्राप्त गर्न आयोजनाले हालसम्म गरेको प्रयास र हालसम्म शोधभर्ना प्राप्त गरेको रकमको विवरण तथा सम्झौता अनुसार शोधभर्ना प्राप्त गर्ने सम्बन्धमा सम्बन्धित लेखा उत्तरदायी अधिकारीबाट गरिएको प्रतिवद्धताको आधारमा महालेखा नियन्त्रक कार्यालयबाट स्रोत फुकुवा गर्न सकिनेछ।

च) **SWAP** तथा **DLI** मा आधारित कार्यक्रम तथा आयोजनाको शोधभर्ना प्राप्त रकम **Designated Account** मा जम्मा गरी खर्चको आधारमा त्रैमासिक रुपमा यस कार्यालयको नाममा रहेको शोधभर्ना अनुदान वा ऋण खातामा **Transfer** गर्नु पर्नेछ।

छ) वैदेशिक ऋण वा अनुदान सम्झौता प्रभावकारी नभएसम्म उक्त आयोजनाको लागि विनियोजित वैदेशिक स्रोतको बजेट र नेपाल सरकारको समपुरक कोष **(Matching Fund)** समेत खर्च शीर्षकगत आधारमा रोक्का रहनेछ।

ज) स्रोत फुकुवाका लागि अनुरोध गर्दा सम्झौताको शर्त अनुसार तत्काल शोधभर्ना प्राप्त हुन नसक्ने धरौटी, प्रतित-पत्र, पेश्की आदिको रकम यकीन गरी सोको प्रमाणित प्रतिवेदन समेत संलग्न गर्नु पर्नेछ।

झ) शोधभर्ना प्राप्त हुनुपर्ने रकम बक्यौता रहेको र दातृ निकायबाट सम्झौताका प्रावधान अनुसार निर्धारित अवधि भित्र शोधभर्ना प्राप्त हुन नसकेमा अर्थ मन्त्रालयको स्रोत फुकुवा गरिदिने



महालेखा नियन्त्रक

व्यहोरा खुलेको पत्र र शोधभर्ना हुन नसक्नुको कारण उल्लेख गरी सम्बन्धित आयोजना वा निकायबाट यथाशीघ्र शोधभर्ना बाँकी रकम प्राप्त गर्ने लिखित प्रतिबद्धता पेश गर्नु पर्नेछ।

ञ) दातृ निकायबाट सम्झौता अनुसारको सबै शोधभर्ना प्राप्त भएको तर बैंकले कमिशन लिएको कारण महालेखा नियन्त्रक कार्यालयको केन्द्रीय खातामा कमिशन बराबरको रकम घटी हुन गएमा बैंकले कमिशन लिएको पुष्ट्याईं हुने विवरण सहित सम्बन्धित मन्त्रालयबाट फुकुवाको लागि सिफारिस भई आएकोमा सो रकम स्रोतान्तरको लागि अर्थ मन्त्रालयमा पेश गरेको हुनु पर्नेछ।

ट) आर्थिक वर्ष २०८०/८१ मा बजेट व्यवस्था गर्दा सहायता सम्झौता बमोजिम स्रोतगत अनुपात नमिलेको वा नेपाल सरकार स्रोततर्फ न्यून बजेट विनियोजन भएको कारण वैदेशिक स्रोततर्फ अनुपातभन्दा बढी खर्च भएको रकम शोधभर्ना प्राप्त हुन नसकेमा अर्थ मन्त्रालयमा स्रोतान्तर वा खर्च समर्थनको लागि अनुरोध गरेको पत्रको बोधार्थ वा प्रतिलिपि पेश गर्नु पर्नेछ। यद्यपि २०७९/८० सम्मको शोधभर्ना प्राप्त हुन बाँकी भएका आयोजना/कार्यक्रमको हकमा अर्थ मन्त्रालयबाट स्रोतान्तर वा खर्च समर्थन भएको प्रमाण पेश गर्नु पर्नेछ।

२.३) विविध

क) कुनै दातृ निकायको शोधभर्ना लिन बाँकी ऋण तथा अनुदानको कुल रकम प्राप्त भई ऋणतर्फ शोधभर्ना बाँकी भन्दा बढी रकम र अनुदानतर्फ कम रकम प्राप्त भएको रहेछ भने उक्त दातृ निकायको ऋणतर्फको स्रोत फुकुवा गरिनेछ भने अनुदान तर्फको स्रोत फुकुवा हुने छैन।

ख) दातृ निकायले तोके बमोजिमको न्यूनतम माग सीमाङ्क (थ्रेसहोल्ड) पूरा भएको शोधभर्ना लिन बाँकी रकमको शोधभर्ना वा कोषपूर्तिको लागि यथाशीघ्र दातृ निकायमा माग पत्र **(Withdrawal Application)** पठाई सोको एक प्रति अनिवार्य रुपमा महालेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ। ऋणतर्फको शोधभर्ना माग गरेको विवरण सार्वजनिक ऋण व्यवस्थापन कार्यालयलाई समेत पठाउनु पर्नेछ।

ग) वित्तीय हस्तान्तरण भएको सशर्त अनुदानको रकम खर्च नभै संचित कोष खाता (विविध प्राप्ति शीर्षक) मा फिर्ता दाखिला गर्नुपर्ने भए त्यस्तो रकम बैंक दाखिला गरी भौचर पेश गरेको हुनु पर्नेछ।

घ) वित्तीय हस्तान्तरण भई प्रदेश तथा स्थानीय तहबाट सञ्चालित आयोजना/कार्यक्रमको त्रैमासिक प्रतिवेदन (विनियोजित बजेट, निकासा तथा खर्चको स्रोतगत विवरण) सम्बन्धित



महालेखा नियन्त्रक

आयोजना सञ्चालन गर्ने निकायले प्रमाणित गरी महालेखा नियन्त्रक कार्यालयमा पेश गर्नु पर्नेछ।

ङ) वैदेशिक सहायता सम्झौता अनुसार सार्वजनिक संस्थान तथा बोर्डलाई निकासा उपलब्ध गराएको शोधभर्ना हुने ऋण तथा अनुदानको रकम समयमै शोधभर्ना प्राप्त गरिसक्नु पर्नेछ। संस्थान वा बोर्डलाई निकासा दिएको शोधभर्ना हुने रकमको शोधभर्ना लिने र बाँकी रकम फरफारक गर्ने जिम्मेवारी सम्बन्धित आयोजनाकै हुनेछ।

च) नयाँ सम्झौता भएका आयोजनाको हकमा दातृपक्षसँग भएको सम्झौता र सम्झौतासँग सम्वन्धित अन्य कागजातहरु (**Project/Financing Agreement, Project Administration Manual, Disbursement/reimbursement Letter/Plan, Project Appraisal Document, Loan/Grant Effective Letter**) को एक एक प्रति महालेखा नियन्त्रक कार्यालयमा पेश गर्नु पर्नेछ।

छ) निकासा फुकुवाको पत्र साथ आयोजनाको नाममा वैदेशिक मुद्रामा खोलिएको विशेष खाताको आय तथा व्ययको त्रैमासिक विवरण र बैंक मौज्दात विवरणको प्रतिलिपि पेश गर्नु पर्नेछ।

ज) नेपाल सरकारसँग सहायक ऋण वा अनुदान सम्झौता भै नेपाल सरकारको वित्तीय लगानी स्वरुप स्वायत्त संस्थाहरुले प्राप्त गर्ने रकमको निकासा फुकुवा माग गर्दा विगतमा प्राप्त गरेको रकमको लगानी वा उपयोग सम्बन्धी विवरण तथा बैंक मौज्दात प्रमाणित गरी महालेखा नियन्त्रक कार्यालयमा पेश गर्नु पर्नेछ। महालेखा नियन्त्रक कार्यालयबाट बैंकमा मौज्दात रहेको रकमको हिसाब समायोजन गरी निकासा फुकुवा गरिनेछ।

झ) वैदेशिक सहायताबाट संचालन भएका आयोजनाको स्रोतको फुकुवाका लागि सम्बन्धित आयोजना समन्वय एकाईबाट **Project Accounting Module (System)** मा समेत कार्यालयगत, ब.उ.शि.न. अनुसार, श्रोतगत लगायतका विवरण प्रविष्टि गरी फुकुवाको लागि अनुरोध गर्नुपर्नेछ र महालेखा नियन्त्रक कार्यालयले सोही प्रणालीबाट फुकुवा गर्नेछ। **Project Accounting Module (System)** मा फुकुवा नभएसम्म वैदेशिक सहायता समावेश भएका आयोजना/कार्यक्रमको भुक्तानी निकासा हुने छैन।

महालेखा नियन्त्रक

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

अनुसूची १

(कार्यविधिको दफा २.२ (ग) संग सम्बन्धित)

शोधभर्नाको विवरण

आर्थिक वर्ष : २०८१।८२

आयोजनाको नाम :

दातृ निकाय/पक्ष :

बजेट उपशिर्षक :

ऋण/अनुदान नं. :

| क.सं. | विवरण | अनुदान | ऋण | जम्मा |
|---|---|---|---|---|
| १ | आ.व. २०८०।८१ सम्मको शोधभर्ना लिन बाँकी रकम (अ.ल्या.) | | | |
| २ | आ.व. २०८१।८२ को प्रथम त्रैमासिकको शोधभर्ना हुने खर्च | | | |
| ३ | आ.व. २०८१।८२ को दोस्रो त्रैमासिकको शोधभर्ना हुने खर्च | | | |
| ४ | आ.व. २०८१।८२ मा शोधभर्ना प्राप्त रकम | | | |
| ५ | स्रोत/हिसाब समायोजन भएको रकम घटाउने/जोड्ने | | | |
| | खुद शोधभर्ना बाँकी तेस्रो त्रैमासिक फुकवाको लागि (१+२-४-/+५) | | | |
| | खुद शोधभर्ना बाँकी चौथो त्रैमासिक फुकवाको लागि (१+२+३-४-/+५) | | | |

आर्थिक प्रशासन शाखा प्रमुखको

नामः

दस्तखतः

आयोजना प्रमुखको

नामः

दस्तखतः

महालेखा नियन्त्रक

अनुसूची २

(कार्यविधिको दफा २.२ (ग) सँग सम्बन्धित)

परीक्षण सूची (Checklist)

सम्बन्धित मन्त्रालयः

आयोजनाको नामः

ऋण/अनुदान नं. :

बजेट उपशीर्षकः

| कार्यविधिको बुँदा नं. | विवरण | छ | छैन | आवश्यक नहुने |
|---|---|---|---|---|
| २.१ | Retroactive Financing को फुकुवा भए अर्थ मन्त्रालयको सहमतिपत्र | | | |
| २.२ (क) | आ.व. ........................................ सम्मको शोधभर्ना लिन बाँकी रकम शोधभर्ना प्राप्त भैसकेको | | | |
| २.२ (झ) | शोधभर्ना प्राप्त हुन बाँकी भए अर्थ मन्त्रालयबाट स्रोत फुकुवा दिन सिफारिस भै आएको | | | |
| २.२ (ग) | शोधभर्नाको विवरण (अनुसूची), परीक्षण सूची, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसूची ३ र ९ सम्लग्न रहेको | | | |
| २.२ (घ) | आयोजनाको वित्तीय विवरण (लेखापरीक्षण भएको/नभएको) पेश भएको | | | |
| २.२ (ज) | दातृ निकायबाट तत्काल शोधभर्ना प्राप्त हुन नसक्ने धरौटी, प्रतित–पत्र, पेश्की आदिको प्रमाणित विवरण संलग्न रहेको | | | |
| २.२ (ञ) | बैंकले कमिशन लिएको भए पुष्ट्याईं हुने विवरण कागजात सम्लग्न रहेको | | | |
| २.२ (ट) | आ.व. २०७९।८० सम्मको शोधभर्ना हुन बाँकी रकम स्रोतान्तर भैसकेको | | | |
| २.३ (ग) | विविध प्राप्ति खातामा दाखिला भएको रकमको बैंक भौचर पेश भएको | | | |
| २.३ (च) | नयाँ सम्झौताको हकमा आयोजना सम्झौतासँग सम्वन्धित कागजात पेश भएको | | | |
| २.३ (छ) | आयोजनाको नाममा बैदेशिक मुद्रामा खोलिएको खाताको आय तथा व्ययको विवरण (Bank Statement) को प्रतिलिपि पेश भएको | | | |

आर्थिक प्रशासन शाखा प्रमुखको

नामः

दस्तखतः

आयोजना प्रमुखको

नामः

दस्तखतः

महालेखा नियन्त्रक